# आठराई त्रिवेणी गाउँपालिका

# गाउँपालिका राजपत्र

**खण्डः** **संख्याः** **लालमोहर र प्रकाशन मितिः २०७८/०१/११**

<u>संशोधन गर्ने ऐन</u>

| | | |
|---|---|---|
| १. | आठराई त्रिवेणी गाउँपालिका शिक्षा (पहिलो संशोधन) ऐन, २०७८ : | २०७८/०८/२० |
| २. | आठराई त्रिवेणी गाउँपालिका शिक्षा (दोस्रो संशोधन) ऐन, २०७८ : | २०७९/०३/१० |

**भाग-१**

## आठराई त्रिवेणी गाउँपालिका

शिक्षा ऐन, २०७८

आठराई त्रिवेणी गाउँपालिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उप दफा २ को (ज) ले दिएको अधिकार प्रयोग गरी आठराई त्रिवेणी गाउँपालिका गाउँ सभाले मिति २०७८ वैसाख ११ गते यो " आठराई त्रिवेणी गाउँपालिका शिक्षा ऐन, २०७८" उपर संशोधन गर्न वाञ्छनीय भएकोले "आठराई त्रिवेणी गाउँपालिका शिक्षा (दोस्रो संशोधन) ऐन, २०७८ संशोधन गरिएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**संक्षिप्त नाम र परिभाषा**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम आठराई त्रिवेणी गाउँपालिका शिक्षा ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन आठराई त्रिवेणी गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७८ ले दिएको अधिकार प्रयोग गरी आठराई त्रिवेणी गाउँ सभाले बनाएको गाउँपालिका शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ख) "सभा" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(घ) "कोष" भन्नाले विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनुपर्छ ।

(ङ) " आठराई त्रिवेणी गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको आठराई त्रिवेणी गाउँपालिका सम्झनुपर्छ ।

(च) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएको गुम्बा/गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(छ) "निरिक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एका सगोलमा बस्ने तथा निज आँफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(झ) "परीक्षा समिति" भन्नाले ऐनको दफा २५ (१) बमोजिम गठन हुने परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनुपर्छ ।

(ञ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्छ ।

(ट) "प्रमुख" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ड) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले तीन बर्ष उमेर भई चार वर्ष ननाघेका बालबालिकाको लागि ऐनको दफा २७(३) बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदी सम्झनुपर्छ ।

(ढ) "ब्यवस्थापन समिति" भन्नाले ऐनको दफा २१ (१) बमोजिम गठन हुने विद्यालय ब्यवस्थापन समिति सम्झनुपर्छ ।

(ण) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(त) "शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको शिक्षाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ ।

(थ) "शिक्षा शाखा" भन्नाले आठराई त्रिवेणी गाउँपालिकामा रहेको शिक्षालाई सम्झनुपर्छ ।

(द) "शिक्षक कितावखाना" भन्नाले संघिय शिक्षा कानुन बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनुपर्छ ।

(ध) "शिक्षक सेवा आयोग" भन्नाले संघिय कानुन बमोजिम गठन भएको शिक्षकको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनुपर्छ ।

(न) "शिक्षा समिति" भन्नाले आठराई त्रिवेणी गाउँपालिका प्रमुखको नेतृत्वमा गाउँ कार्यपालिकाले गठन गरेको ऐनको दफा (१९) १ अनुसारको नगर शिक्षा समिति सम्झनुपर्छ ।

(प) "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने सम्झनुपर्छ ।

आठराई त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(फ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना सार्वजानिक गुठी सम्झनुपर्छ ।

(ब) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने बार्षिक अवधि सम्झनुपर्छ ।

(भ) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन अनुसन्धान र सिप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनुपर्छ ।

(म) "संघिय शिक्षा ऐन" भन्नाले संघिय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(य) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी दफा १३ बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनुपर्छ ।

(र) "विशेष परिस्थिती" भन्नाले कुनै पनि ब्यक्ति आफ्नो काबुभन्दा बाहिरको परिस्थिती भएको अवस्था सम्झनुपर्छ ।

(ल) "समाजसेवी" भन्नाले शैक्षिक क्षेत्रमा उल्लेखनीय योगदान गरेको व्यक्ति सम्झनुपर्छ ।

(व) "सीमान्तकृत" भन्नाले नेपाल सरकारले सीमान्तकृत भनी सूचीकृत गरेको समुदायलाई सम्झनुपर्छ ।

(श) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनुपर्छ ।

## परिच्छेद - २

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः** (क) कसैले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा चार महिना अगावै तोकिए बमोजिमको ढाँचामा आठराई त्रिवेणी गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**४. विद्यालय खोल्नको लागि पूरा गर्नुपर्ने पूर्वाधारः** विद्यालय खोल्नको लागि तोकिए बमोजिमको पूर्वाधार पूरा गरेको हुनुपर्नेछ ।

**५. विद्यालय खोल्न अनुमति दिनेः**

(१) दफा ३ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा शिक्षा शाखा प्रमुखले निवेदन साथ प्रासकागजातहरु जाँचबुझ गरी प्रस्तावित विद्यालयको लागि तोकिए बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा आधारभूत विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन शाखा प्रमुखले शिक्षा समितिको बैठकमा पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शिक्षा समितिको बैठकबाट अनुमति लिने सिफारिसको निर्णय भएमा कार्यपालिका समक्ष पेस गर्नुपर्नेछ । यसरी प्रास सिफारिसको आधारमा कार्यपालिकाले स्वीकृत सम्वन्धमा आफ्नो निर्णय सहित गाउँ सभामा सामाजिक समितिको संयोजकले पेस गर्नेछ ।

(३) उपदफा (२) अनुसार गाउँ सभाले कार्यपालिकाको निर्णय उपयुक्त लागेमा विद्यालय खोल्न अनुमति दिन सक्नेछ । गाउँ सभाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तोकिए बमोजिमको ढाँचामा अनुमति प्रदान गर्नेछ ।

(४) यसरी अनुमति दिंदा शैक्षिक सत्र सुरु हुनुभन्दा ३० दिन अगावै दिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारिस गर्ने निर्णय गर्दा विद्यालय नक्शाङ्कन, विद्यालय सेवाक्षेत्र र नगर शिक्षा समितिले निर्धारण गरेको आठराई त्रिवेणी गाउँपालिका र वडाको लागि विद्यालयको अधिकतम सङ्ख्याको अधीनमा रही दिनुपर्नेछ ।

(६) कसैले ऐन नियम विपरित अनुमति दिएको वा प्राप्त गरेको पाइएमा आठराई त्रिवेणी गाउँपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ र त्यस्तो अनुमति दिनका लागि सिफारिस गर्ने र अनुमति प्रदान गर्ने अधिकारी तथा कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।साथै दफा (३), (४) र (५) वमोजिम खोलिएका संस्थागत विद्यालयहरुले नेपाल सरकारको कानुन विपरित कार्य गरेमा जुनसुकै वखत पनि उक्त विद्यालयको गाउँ शिक्षा समितिले अनुमति रद्द गर्न सक्नेछ ।

६. **विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देजः** विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देजहरु तोकिए बमोजिम हुनेछन् ।

७. **विद्यालय खोल्न स्वीकृति प्रदान गर्नेः**

(१) दफा ५ को उपदफा (३) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयहरुले स्वीकृतिका लागि तोकिएबमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा शाखा मार्फत त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराई त्यसको प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि तोकिएबमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा शिक्षा समितिको निर्णयको आधारमा तोकिएबमोजिमको ढाँचामा कार्यपालिकाले आफ्नो निर्णय सहित गाउँसभा समक्ष पेस गर्नुपर्नेछ । यसरी प्राप्त सिफारिसबाट स्वीकृत भएमा शिक्षा शाखाले तोकिएबमोजिमको शर्त तथा बन्देजको अधीनमा रही त्यस्तो विद्यालयलाई तोकिएबमोजिमको ढाँचामा स्वीकृत प्रदान गर्नेछ ।

८. **मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृतिः** मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति तोकिएबमोजिम हुनेछ ।

९. **मुनाफा नलिने विद्यालय सञ्चालन सम्वन्धी ब्यवस्थाः** मुनाफा नलिने विद्यालय सञ्चालन सम्वन्धी ब्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०. **कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्वन्धी ब्यवस्थाः** कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्वन्धी ब्यवस्था तोकिएबमोजिम हुनेछ ।

११. **विदेशी शिक्षण संस्थासँग सम्वन्धन गरी विद्यालय खोल्ने अनुमति वा स्वीकृतिः** विदेशी शिक्षण संस्थासँग सम्वन्धन गरी विद्यालय खोल्ने अनुमति वा स्वीकृति नेपाल सरकारको पूर्व स्वीकृति नलिई दिन सकिने छैन ।

१२. **यस अघि दर्ता भएका विद्यालय सम्वन्धी ब्यवस्थाः** दफा ११ मा उल्लेखित विद्यालयहरु यस अघि दर्ता भएका भए यसै ऐन बमोजिम संचालन भएका मानिने छन् ।

१३. **धरौटी राख्नु पर्नेः** संस्थागत विद्यालय खोल्न अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत निम्न बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछः

(क) माध्यमिक विद्यालय (९-१२) का लागि दश लाख रुपैयाँ

(ख) माध्यमिक विद्यालय (९-१०) का लागि आठ लाख रुपैयाँ

(ग) आधारभूत विद्यालय (०-८) का लागि छ लाख रुपैयाँ

(घ) आधारभूत विद्यालय (०-५) का लागि तीन लाख रुपैयाँ

(ङ) आधारभूत विद्यालय (०-३) का लागि दुई लाख रुपैयाँ

(१) तर दफा ९ बमोजिमको विद्यालयलाई सञ्चालन गर्ने अनुमति लिंदा धरौटी राख्नु पर्नेछैन ।

१४. **धरौटी रकम जम्मा गरिनेः** (१) विद्यालयले दफा १३ बमोजिमको धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

१५. **विद्यालय गाभ्न सकिनेः** (१) देहायको कुनै अवस्थामा दुई वा सो भन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ तर यसरी गाभ्दा हाल सञ्चालित बालविकास कक्षा सम्वन्धित स्थानमा नै रहनेछः

(क) तोकिएको बमोजिमको पूर्वाधार कायम नरहेको ।

(ख) विद्यालयमा सञ्चालित कक्षाहरुमा कुल निम्न बमोजिम भन्दा कम विद्यार्थी सङ्ख्या भएमाः

(ग) आधारभूत विद्यालय (०-८) को लागि न्युनतम ४५ जना,

(१) आधारभूत विद्यालय (०-५) को लागि न्युनतम ३० जना,

(२) आधारभूत विद्यालय (०-३) को लागि न्युनतम २० जना,

तर माध्यमिक तह र भौगोलिक बिकटता भएको क्षेत्र सञ्चालित आभारभूत तहको विद्यालय गाभ्नलाई कार्यपालिकाले छुट्टै कार्यविधि बनाई विद्यालय गाभ्नेछ ।

(घ) दुई वा सो भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

(ङ) दुई वा सो भन्दा बढी विद्यालय बीचको पैदल दुरी तीस मिनेट भन्दा कम रहेको,

(च) दुई वा सो भन्दा बढी विद्यालयका ब्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएमा ।

१६. **विद्यालयको तह वा कक्षा घटाउन सकिनेः** कुनै विद्यालयको तह वा कक्षा घटाउन सकिने सम्वन्धमा ऐनको दफा १५ को उपदफा (१) (क), (ख), (ग) र (घ) को अवस्था विद्यमान रहेको भएता पनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शिक्षा शाखाको सिफारिसमा कार्यपालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

१७. **विद्यालयको कक्षा थप गर्न सकिनेः** कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र सुरु हनु भन्दा कम्तीमा तीन महिना अगावै गाँउ शिक्षा समितिमा निवेदन दिनुपर्नेछ ।

## परिच्छेद - ३

## गाउँकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत (विद्यालय निरीक्षक) तथा शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकारः

१८. गाउँपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत (विद्यालय निरिक्षक) तथा शिक्षा शाखा प्रमुखको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## गाउँपालिका शिक्षा समिति तथा वडा शिक्षा समिति सम्वन्धी ब्यवस्था

१९. **(क) गाउँपालिका शिक्षा समितिको गठनः**

(१) गाउँपालिका भित्रका विद्यालयको रेखदेख र वब्यवस्थापन गर्ने काम समेतको लागि आठराई त्रिवेणी गाउँपालिकामा एक गाउँ शिक्षा समितिको गठन हुनेछ ।

**(२) उपदफा (१) वमोजिमको गाउँ शिक्षा समितिमा देहायका सदस्यहरु रहने छनः**

(क) गाउँपालिकाको प्रमुख - अध्यक्ष

(ख) गाउँ कार्यपालिका, सामाजिक विकास विभाग संयोजक - उपाध्यक्ष

(ग) गाउँ कार्यपालिका महिला तथा दलित अल्पसंख्यक समेत कार्यपालिकाले तोकेको २ जना सदस्यहरु - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको एक प्रधानाध्यापक - सदस्य

(च) संस्थागत विद्यालयहरुको प्रतिनिधि मुलुक संस्था मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको प्रतिनिधी एक जना - सदस्य

(छ) गाउँपालिका स्तरिय विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको प्रतिनिधि एक जना - सदस्य

(ज) आठराई त्रिवेणी गाउँपालिका भित्रका शिक्षाविद् वुद्धिजीवी चन्दादाता, शिक्षक अभिभावक संघका अध्यक्षहरु मध्येवाट गाउँकार्यपालिकाले तोकेको एकजना महिला सहित २ जना

(झ) शिक्षकहरुको पेशागत महासंघको अध्यक्ष - सदस्य

(ञ) सवै वडाका वडाध्यक्षहरु - पदेन सदस्य

(ट) शिक्षा अधिकृत/ शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(३) गाउँ शिक्षा समितिको बैठक कम्तीमा महिनाको एक पटक वस्नेछ ।

(४) गाउँ शिक्षा समितिको बैठक भत्ता महिनाको १ पटक गाउँपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) बैठक सञ्चालनका लागि कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थिती आवश्यक पर्नेछ ।

(६) समितिको बैठकको अध्यक्षता गाउँपालिका अध्यक्षले गर्नेछ तर गाउँपालिका प्रमुख अनुपस्थित भएमा कार्यबाहक गाउँपालिका प्रमुख नै शिक्षा समितिको प्रमुख हुनेछ ।

**१९ (ख) वडा शिक्षा समितिको गठनः**

१. वडा भित्रका विद्यालयको रेखदेख र ब्यवस्थापन गर्ने काम समेतको लागि आठराई त्रिवेणी गाउँपालिका भित्रका प्रत्येक वडामा एक वडा शिक्षा समितिको गठन हुनेछ ।

२. **दफा १९ (ख) को उपदफा (१) वमोजिमको वडा शिक्षा समितिमा देहायका सदस्यहरु रहने छनः**

क) सम्वन्धित वडाका वडाध्यक्ष - अध्यक्ष

ख) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्षहरु मध्येवाट वडा समितिवाट मनोनित एक जना - सदस्य

ग) वडा समितिले वडा सदस्यहरु मध्येवाट छनौट गरेको एक जना दलित महिला सहित दुई जना - सदस्य

घ) सामुदायिक विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्षहरु मध्ये वडा समितिबाट मनोनित एक जना - सदस्य

ङ) शिक्षाप्रेमी, समाजसेवी मध्येवाट वडा समितिले छनौट गरेको एक जना - सदस्य

च) वडा क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्ये एक जना - सदस्य

छ) शिक्षकहरुको पेशागत महासंघका वडाको अध्यक्ष - सदस्य

ज) सम्वन्धित वडाको सचिव - सदस्य सचिव

३. वडा शिक्षा समितिको बैठक कम्तिमा ३ महिनाको १ पटक वस्नेछ ।

४. बैठक सञ्चालनका लागि कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ ।

५. वडा शिक्षा समितिको बैठकको अध्यक्षता वडा अध्यक्षताले गर्नेछ तर वडा अध्यक्ष को अनुपस्थित भएमा कार्यवहाक वडा अध्यक्ष नै वडा समितिको अध्यक्ष हुनेछ ।

२०. **गाउँ शिक्षा समिति तथा वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** गाउँ शिक्षा समिति तथा वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद - ५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**२१. (क) विद्यालय व्यवस्थापन समितिको गठनः**

**(१)सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्य रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः**

(क) अभिभावकले आफुहरुमध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

(ख) विद्यालयमा रहेको गाउँपालिका वा नगरपालिकाको सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना - सदस्य

(ग)विद्यालयका संस्थापक, स्थानीय वुद्धिजिवि, शिक्षाप्रेमी, विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य

(घ)समितिले मनोनयन गरेको सामाजिक ब्यक्तित्व एक जना - सदस्य

(ङ)*विद्यालयका शिक्षकले आफुहरु मध्येबाट छानी पठाएको एक जना स्थायी शिक्षक हुनुपर्नेछ यदी स्थायी शिक्षक नभएमा दरवन्दी वा राहत दरवन्दीमा कार्यरत रही तीन शैक्षिक सत्र पूरा गरेको करार वा राहत शिक्षक हुनुपर्नेछ । - सदस्य

(च)प्रधानाध्यापक - सदस्य सचिव

(२)*विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येवाट सहमति गरिएको व्यक्ति अध्यक्ष वन्ने र यदि सहमति नभएको अवस्थामा छानिएको सदस्यहरु मध्येवाट अध्यक्ष वन्न योग्य सदस्यहरुको नामावली बढीमा तीन जनाको नाम सिफारिस गरी १ महिना भित्र गाउँ शिक्षा समितिमा पेश गर्नुपर्नेछ यदी सिफारिस गरी पेश नगरेको खण्डमा गाउँ शिक्षा समितिले विद्यालयलाई छनौट भएको सदस्यहरुको नामावली शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्न लगाई उक्त पेश गरेको नामावली मध्येवाट गाउँ शिक्षा समितिले उक्त विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष छनौट गर्नेछ तर विद्यालयले नामावली पेश गरेको खण्डमा पेश गरेको नामावलीबाट उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष गाउँ शिक्षा समितिले चयन गर्नेछ ।

(३)विद्यालय व्यवस्थपन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४)सम्वन्धित गाउँपालिकाको शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुखलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

*दोस्रो संशोधनद्वारा थप

(५)विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाका लागि प्रतिनिधित्व गर्ने गाउँपालिकाको कर्मचारीलाई नियमानुसार विविध खर्च तथा भत्ताको व्यवस्था गाउँपालिकाले गर्नुपर्नेछ ।

(६)विद्यालय ब्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

(७)**अभिभावकको अभिलेख राख्ने:** विद्यालयले शिक्षा शाखाले तोकि दिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदिको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षत्व प्रदान गर्ने ब्यक्तिको अभिलेख राख्नु पर्नेछ ।तर व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्ने प्रयोजनका लागि विद्यार्थीको वावु, आमा, वाजे वा वज्यै मात्र अभिभावक मानिनेछ ।

(८)विद्यालय व्यवस्थापन समितिले स्थायी शिक्षकहरुलाई सरुवा दिदाँ कम्तिमा ३ शैक्षिक सत्र पुरा भएपछि मात्र दिनुपर्नेछ ।

(९)सामुदायिक विद्यालयको ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

***२१ (ख) संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहको एक विद्यालय व्यवस्थापन समिति रहनेछः**

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येवाट विद्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुमध्येवाट एक जना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानिय शिक्षाप्रेमी वा समाजसेवीहरुमध्येवाट सम्वन्धित गाउँपालिका वा नगरपालिकाले मनोनित गरेको एक जना - सदस्य

(घ) सम्वन्धित क्षेत्रको विद्यालय निरिक्षक वा शिक्षा शाखा प्रमुख - सदस्य

(ङ) सम्वन्धित विद्यालयको शिक्षकहरुले आफुहरु मध्येवाट छानी पठाएको एकजना — सदस्य

(च) सम्वन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

***२१ (ख) १.** संस्थागत विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ ।संस्थागत विद्यालयले नेपाल सरकारद्वारा सामुदायिक विद्यालयलाई दिइने कुनैपनि अनुदान उपलव्ध हुनेछैन । संस्थागत विद्यालयको अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदवाट हटाउन सक्नेछ ।

तर त्यसरी पदवाट हटाउन अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

२. संस्थागत विद्यालयको ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

२२. ***विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:** १. कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थपान समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिव मौका दिनुपर्नेछ ।

२. दफा २१ (क) वमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

आठराई त्रिवेणी गाउँपालिका
कार्यपालिकाको कार्यालय
साङ्पाङ, ताप्लेजुङ
नं. प्रदेश, नेपाल

२३. **शिक्षक अभिभावक संघ सम्वन्धी ब्यवस्थाः**

(१)प्रत्येक सामुदायिक विद्यालयमा विद्यालय ब्यवस्थापन समितिलाई सहयोग गर्न शिक्षक र अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२)दफा (१) वमोजिमको समिति गठनका लागि विद्यालय ब्यवस्थापन समितिले अभिभावक भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तिमा एक जना शिक्षक र अभिभावकहरु समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(३)स्रोतकक्षा संचालित विद्यालयमा उपदफा (२) बमोजिमको समिति गठन गर्दा अपांगता भएका विद्यार्थीका कम्तीमा एक जना अभिभावक हुनुपर्नेछ ।

(४)उपदफा (२) र (३) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५)उपदफा (२) र (३) बमोजिम गठित कार्यकारी समितिको काम, कर्तव्य, अधिकार र बैठक सम्वन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद - ६
## पाठ्यक्रम तथा परीक्षा सञ्चालन र समन्वय

२४. **पाठ्यक्रम र पाठ्यसामग्रीः**

(१)स्थानीय तहका विद्यालयहरुमा पठनपाठन हुने पाठ्यक्रम मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(२)पाठ्य सामग्रीको समयमै सहज उपलब्धताको सुनिश्चित गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना बनाई लागु गर्नेछ ।

(३)पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीमा सुधार तथा नयाँ पाठ्यक्रमको निर्माण गर्न आवश्यक देखिएमा शिक्षाको प्रतिवेदनको आधारमा शिक्षा समितिले कार्यपालिकालाई सिफारिस गर्ने र कार्यपालिकाको बहुमत सदस्यको निर्णयले मन्त्रालयमा अनुरोध गर्नेछ ।

२५. **गाउँपालिकास्तरीय आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको परिचालन र नियन्त्रणः**

(१)आठराई त्रिवेणी गाउँपालिकाको विद्यालयहरुमा गाउँपालिकास्तरीय आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) को परिचालन र नियन्त्रणको लागि देहाय बमोजिमको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) आधारभूत तह र माध्यमिक तहका विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला सहित प्रमुख प्रशासकीय अधिकृतले मनोनित गरेका तीन जना - सदस्य

(ग)शिक्षा अधिकृत / शिक्षा शाखा प्रमुख वा उक्त काम गर्न तोकिएको व्यक्ति - सदस्य सचिव

(२)परीक्षा समितिको बैठक सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ । आवश्यकता अनुसार परीक्षा समितिले कक्षा ८ को वार्षिक परीक्षा संचालन गर्न एक परीक्षा संचालन उप समिति निर्माण गर्न सक्नेछ।



उपेन्द्र पोम्बु

(३)दफा २५ (१) र माध्यमिक शिक्षा परीक्षा (SEE) बाहेकको कक्षाहरुको परीक्षा सञ्चालन समितिले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय ब्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ।

**२६. शैक्षिक गुणस्तर परीक्षण सम्वन्धी ब्यवस्थाः**

(१)आठराई त्रिवेणी गाउँसभाले बार्षिक रुपमा शिक्षाको गुणस्तर मापन सुधारको लागि कार्यपालिकालाई निर्देशन दिनेछ । शिक्षा मन्त्रालयले बनाएको गुणस्तरको खाका र पाठ्यक्रम विकास केन्द्रले बनाएको पाठ्यक्रम प्रारुपलाई मूल आधार मान्नु पर्नेछ ।

(२)दफा (१) अनुसारको अन्य ब्यवस्थाको लागि आवश्यक कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७
## प्रारम्भिक बाल शिक्षा सम्वन्धी ब्यवस्था

**२७. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापनाः**

(१)कुनै संस्थाले प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्वन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२)दफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्वन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न गाउँकार्यपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमति दिन मनासिब देखिएमा आवश्यक शर्त तोकी तोकिएकोबमोजिमको ढाँचामा अनुमति दिन बडा सचिवले वडा समिति समक्ष पेस गर्नेछ । तर स्थानिय तहलाई आर्थिक दायित्व पर्ने गरी यस्तो केन्द्र खोलिने भएमा आठराई त्रिवेणी गाउँकार्यपालिकाको अनुमति लिनु पर्नेछ ।

(३)उपदफा (२) बमोजिम पेस हुन आएमा वडा समितिको निर्णयमा वडा समितिले अनुमति दिनेछ ।

(४)कुनै संस्थाले उपदफा (२) बमोजिम तोकिएको शर्त अनुरुप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन नगरेमा वडाध्यक्षले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

**२८. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने आवश्यक पुर्वाधारः** प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने आवश्यक पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ८
## विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था

**२९. विद्यार्थी संख्याः**

(१)सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया ग्रामिण र शहरी क्षेत्रमा क्रमशः पैंतालीस र तीस हुनु पर्नेछ ।

(२)संस्थागत विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया न्यूनतम वाइस, अधिकतम चौवालीस र औसत तेत्तीस हुनुपर्नेछ ।

**३०. विद्यार्थी भर्ना तथा प्रमाणपत्र सम्वन्धी ब्यवस्थाः** विद्यार्थी भर्ना तथा प्रमाणपत्र सम्वन्धी ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ९
## शिक्षक तथा कर्मचारी छनौट सम्वन्धी ब्यवस्था

**३१. शिक्षक तथा कर्मचारी छनौट समितिः**

**(१)सामुदायिक विद्यालयमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः**

(क) विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - संयोजक

(ख) सम्वन्धित क्षेत्रको निरीक्षक वा शिक्षा अधिकृतले तोकेको प्रतिनिधि - सदस्य

(ग) माध्यमिक तहको शिक्षक नियुक्त गर्नु पर्ने भएमा शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक नियुक्त गर्नु पर्ने भए शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका ब्यक्तिहरु मध्येबाट ब्यवस्थापन समिति र गाँउपालिका शिक्षा शाखाले मनोनित गरेका दुई जना (विषय विशेषज्ञको रुपमा)

(घ) प्रधानाध्यापक - सदस्य सचिव

(२)शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(३)शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने परीक्षाको केन्द्र गाउँपालिका शिक्षा शाखा मातहत गाउँपालिका कार्यालयमा रहनेछ।

☐(४) यस गाउँपालिका भित्र सँचालित सामुदायिक विद्यालयका आधारभुत तह कक्षा (६-८) र माध्यमिक तहमा करार शिक्षक नियुक्तिका लागि लगातार तीन पटक सम्म विज्ञापन प्रकाशन गर्दा समेत अध्यापन अनुमति पत्र प्राप्त उमेद्वारको निवेदन नपरेको खण्डमा विज्ञान,गणित र लेखा विषयका लागि अध्यापन अनुमति पत्र नभए पनि करार शिक्षक छनौट परीक्षामा उम्मेद्वार हुन पाउने एवम् उक्त प्रक्रिया बमोजिम नियुक्त शिक्षकले ३(तीन) वर्ष भित्रमा अध्यापन अनुमति पत्र नलिएमा गाउँ शिक्षा समितिले स्वत्त अवकाश गर्नेछ।

☐५.यस आठराई त्रिवेणी गाउँपालिका भित्र सँचालित सामुदायिक विद्यालयको करार शिक्षक छनौट परीक्षाको विज्ञ पारिश्रमिक गाउँशिक्षा समितिले तोके बमोजिम तथा परीक्षा सम्बन्धी सम्पुर्ण खर्च विद्यालय आफैले व्यहोर्नेछ। र विज्ञापन शुल्क गाउँ शिक्षा समितिले तोके वमोजिम हुनेछ ।

☐ पहिलो संशोधनद्वारा थप

## परिच्छेद - १०
## विद्यालयलाई दिइने अनुदान तथा अन्य ब्यवस्था

### ३२. विद्यालयलाई अनुदान दिनेः

(१)सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा आठराई त्रिवेणी गाउँपालिकाबाट विद्यालयको लागि प्राप्त रकम गाउँकार्यपालिकाले बार्षिक कार्यक्रममा स्वीकृत गराई विद्यालय सञ्चित कोषमा पठाउने ब्यवस्था मिलाउनेछ ।

**(२) विद्यालयको आन्तरिक आय समेतलाई अध्ययन गरी विद्यालयलाई देहायका आधारमा अनुदान बाँडफाँड गरिनेछः**

(क) विद्यालयको विद्यार्थी संख्या,

(ख) विद्यालयको शिक्षक संख्या,

(ग) विद्यालयको परीक्षाको परिणाम,

(घ) विद्यालयको आर्थिक अवस्था,

(ङ)विद्यालयले पूरा गर्नुपर्ने न्युनतम पूर्वाधारहरु ((Prioritized Minimum Enabling Conditions PEMEC)

(३)अनुदान सम्वन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ११

## विद्यालयको बजेट, आय ब्ययको लेखा तथा अन्य ब्यवस्था

३३. **विद्यालय सञ्चालन सञ्चित कोषको ब्यवस्थाः** प्रत्येक विद्यालयमा विद्यालयको सम्पूर्ण आम्दानीहरु जम्मा गर्ने गरी एक विद्यालय सञ्चालन कोष रहनेछ ।

३४. **बजेट तयार गर्नेः** प्रधानाध्यापकले प्रत्येक बर्षको आषाढ मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी ब्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

३५. **विद्यालयको आय ब्ययको लेखाः** बिद्यालयले आय ब्ययको लेखा तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

३६. **लेखा परीक्षण गराउनेः** ब्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष गाउँकार्यपालिकाबाट नियुक्त दर्तावाला लेखापरिक्षणबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

३७. **विद्यालयको कामको सामाजिक परीक्षण गर्नेः** सामुदायिक विद्यालयहरुले गाउँपालिकाले तोकेको कार्यविधि अनुसार आफ्नो कामको सामाजिक परीक्षण गर्नु पर्नेछ ।

## परिच्छेद - १२

## छात्रवृत्ति तथा निशुल्क शिक्षा सम्वन्धी ब्यवस्था

३८. **छात्रबृत्तिको ब्यवस्था गर्नुपर्नेः** संस्थागत विद्यालयले तोकिय बमोजिमका विपन्न एवं सीमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी सिफारिस गर्दा पाँच प्रतिशत बालिका अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।

३९. **बालबालिकालाई अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेः** सवै अभिभावकले पाँच वर्ष उमेर पूरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

## परिच्छेद - १३

## विविध

४०. **शिक्षक तथा कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिताः** शिक्षक तथा कर्मचारीले तोकिए बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

४१. **विद्यार्थीले पालना गर्नु पर्ने आचार संहिताः** विद्यार्थीले तोकिए बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

## परिच्छेद - १४

४२. **नियम बनाउने अधिकारः**

(१)यस ऐनको उद्देश्य कार्यान्वित गर्न गाउँकार्यपालिकाले नियम वनाउन सक्नेछ ।

**(२)उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सो नियमद्वारा खास गरी देहायका कुराहरुको ब्यवस्था हुन सक्नेछः**

(क) बिद्यालयको झण्डा, चिन्ह र प्रार्थना,स

(ख) बिद्यालयलाई लाग्ने शुल्क र सो असुल गर्ने तरिका,

(ग) बिद्यालयलाई दिइने अनुदान,

(घ) विद्यालयको परीक्षा,

(ङ) विद्यालयको अतिरिक्त क्रियाकलाप त कार्यक्रमको निर्धारण,

(च) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थी संख्या,

(छ) विद्यालयको सम्पत्तिको सुरक्षा,

(ज) विद्यालयको छात्रावास चलाउने,

(झ) विद्यालयको आय ब्ययको जाँच,

(ञ) विद्यालयको किताव, बही र अन्य कागजात तयार गर्ने त राख्ने तरिका,

(ट) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री,

(ठ) शिक्षक तथा विद्यार्थीको आचार संहिता,

(ड) विद्यालयको पुस्ताकालय तथा बाचनालय,

(ढ) शिक्षण तथा विद्यालय ब्यबस्थापन तालिम,

(ण) गाउँपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत तथा निरीक्षकको काम, कर्तब्य र अधिकार,

(त) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार,

(थ) परीक्षा समितिको काम, कर्तव्य र अधिकार,

(द) विद्यालय ब्यावस्थापन समितिको काम, कर्तव्य र अधिकार,

(ध) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार,

(न) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,

(प) अन्य आवश्यक कुराहरु,

(फ) आवासीय विद्यालय सञ्चालन गर्ने,

(ब) संस्थागत विद्यालय सम्वन्धी,

४३. **बाधा अड्काउ हटाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

४४. **बचाउ र लागु नहुनेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

४५. यो ऐनमा ब्यवस्था भएका दफा वा उपदफाहरु प्रदेश वा संघीय शिक्षा ऐनले ब्यवस्था गरेका कुराहरु सँग बाझिन गएमा स्वतः खारेज हुनेछन् ।

**आज्ञाले,**
**विजय इङनाम**
**प्रमुख प्रशासकीय अधिकृत**